चामुण्डाबिन्द्रासैनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जम्बुकाँध , दैलेख

कर्णाली प्रदेश,नेपाल

प सं : २०८१/०८२ (सूचना प्रविधि शाखा)

च.नं.: ९४०

मितिः२०८१।११।०१

श्री सरोकारवाला सबै।

विषयः ध्यानाकर्षण सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्तग विभिन्न विधालयहरुमा केहि दिन यता विधार्थीहरुमा देखिएको समस्या प्रति यस नगरपालिका परिवारको गम्भिर ध्यानाकर्षण भएको छ ।

यस सन्दर्भमा स्वास्थ्यकर्मी तथा सम्वन्धित सरोकारवालाहरुसँगको छलफल तथा परामर्श अनुसार यो मास कन्भर्जन डिसअर्डर वा एक प्रकारको मानसिक तथा मनोसामाजिक तनाव हो।यो मनसँग सम्वन्धित समस्या हो।अन्तरमनमा भएका डर तथा तनावलाई सहि तरिकाले व्यवस्थापन गर्न नसकेकाले यो मानसिक रुपमा देखिएको समस्या मात्र हो।यो समस्या मनमा रहेको डर, तनाव वा आफ्नो ईच्छा व्यक्त गर्न नपाउदा, तनावपूर्ण वातावरणको कारणले देखा पर्दछ।यस्तो अवस्थामा व्यक्ति वेहोस हुने, चिच्चाउने रुने, कराउने, काम्ने हात खुट्टा वटार्ने, टाउको दुख्ने, घाटिमा कुनै वस्तु अड्किएको जस्तो हुने, चिसो हुने, बोल्न नसक्ने आदि लक्षण देखा पर्ने हुन्छ। समूहमा एक जनामा यस्ता लक्षणहरु देखा परेमा अरुलाई पनि उस्तै लक्षण देखा पर्ने हुन्छ । तसर्थ उक्त समस्या प्रति सबैले सचेत भई गलत धारणा तथा सूचना प्रवाह नगरीदिनुहुन नगरपालिका परिवार हार्दिक अनुरोध गर्दछौ।साथै उक्त समस्या समाधानका लागि नगरपालिका र सम्वन्धीत सरोकारवाला सँग आज मिति २०८१।११।०१ गतेका दिन आकस्मिक बैठक वसी आवश्यक कार्ययोजनाका साथ अगाडि बढेको व्यहोरा समेत अनुरोध छ ।

साथै सम्पुर्ण नगरवासी, विधार्थी, अभिभावक, शिक्षक तथा सरोकारवाला सबैले यस कार्यमा आवश्यक सहयोग तथा सकारात्मक सन्देश प्रवाह गरिदिनुहुन समेत हार्दिक अपिल गर्दछौ।

..................
भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत

..................
गणेश कुमार शाही
नगर प्रमुख

"शिक्षा, स्वास्थ्य, कृषि र रोजगारः समृद्ध चामुण्डाबिन्द्रासैनी नगर निर्माणको मूल आधार"

Email;info@chamundabindrasainimun.gov.np/ito.chamundabindrasainimun@gmail.com,
Website:www.chamundabindrasainimun.gov.np